ネパール語（NP）

सङ्कटकालमा अपनाइने उपायहरूको कार्यान्वयन गर्दा उद्यमी आदिलाई दिइने सहायताबारे

मे 11 तारिख (मङ्गलबार) घोषित

भोलि मे 12 तारिख (बुधबार) देखि सङ्कटकाल लगाइनेछ।

यसपालिको सङ्कटकालमा अपनाइने उपायहरूले गर्दा घरबाहिर ननिस्किन संयमित हुने र व्यापार-व्यवसाय बन्द गर्ने वा व्यापार समय छोट्याउने आग्रहको असर व्यापक रूपमा पर्न जाने सम्भावना छ। राष्ट्रिय सरकार, फुकुओका प्रान्त तथा सहर र गाउँहरू मिलेर एकजुट भई उद्यमीहरूलाई छिटै विस्तृत सहायता गर्नुपर्ने आवश्यकता मध्यनजर गरेर सहायताका उपायहरू अपनाउने निर्णय गरियो।

तीन वटा नयाँ सहायता उपायहरू यस प्रकार छन्:

## रेस्टुरेन्टलाई पसल बहाल सहायता
## [फुकुओका प्रान्त सङ्क्रमण फैलावट रोकथाम सहयोग रकम]

# व्यापार बन्द गरेर वा व्यापार समय छोट्याएर मादक पदार्थको बिक्री-वितरण तथा काराओके सुविधाको सेवा प्रदान नगर्ने पसल


**पसल भवनको मासिक बहाल × 2/3 (अधिकतम सीमा 2 लाख येन)**

○पहिलो हो, सङ्कटकालमा अपनाइने उपायहरूको प्रत्यक्ष असर पर्ने रेस्टुरेन्टहरूको लागि सहायता।

मे 7 तारिख (शुक्रबार) घोषणा गरिएको सहायताका साथै फुकुओका प्रान्तले आफ्नै "पसल बहाल सहायता" पनि गर्नेछ। मादक पदार्थको बिक्री-वितरण तथा काराओके सुविधाको सेवा प्रदान गर्ने रेस्टुरेन्टहरूमध्ये व्यापार बन्द गर्ने वा मादक पदार्थको बिक्री-वितरण तथा काराओके सुविधाको सेवा प्रदान गर्न छोडेर व्यापार समय बेलुका 8 बजेसम्ममा छोट्याउने आग्रहलाई सहयोग गर्ने उद्यमीहरूलाई यो सहायता लक्षित गरिएको छ।

सहायता रकम पसल भवनको मासिक बहालको 2/3 बराबरको रकम, अधिकतम सीमा 2 लाख येन हुनेछ।

प्रान्तले दिने सहायता रकममा सहर र गाउँले पनि सहायता रकम थप्न सक्छन्।




○ दोस्रो हो, राष्ट्रिय सरकारद्वारा घोषणा गरिएको "मासिक सहायता रकम" मा फुकुओका प्रान्तले आफ्नै सहायता थपिदिनेछ।

सङ्कटकालको घोषणाले गर्दा रेस्टुरेन्टहरूले व्यापार बन्द गर्नुपर्ने वा व्यापार समय छोट्याउनुपर्ने, मानिसहरू घरबाहिर ननिस्किन संयमित हुनुपर्ने आदिको कारण बिक्री रकम 50% वा सोभन्दा बढी ह्रास भएका साना तथा मझौला उद्यमीहरूलाई मासिक सहायता रकम (अधिकतम सीमा: कम्पनी 2 लाख येन, स्वरोजगार उद्यमी 1 लाख येन) भुक्तानी गर्ने निर्णय राष्ट्रिय सरकारले गरेको छ।

तर बिक्री रकम 30% देखि 50% भित्र ह्रास भएका साना तथा मझौला उद्यमी आदि भने राष्ट्रिय सरकारद्वारा प्रदान गरिने मासिक सहायता रकम प्राप्त गर्ने दायरामा नपरेकोले ती उद्यमीहरूलाई

फुकुओका प्रान्तले सहायता रकम भुक्तानी गर्नेछ। त्यो भुक्तानी रकम कम्पनीलाई मासिक 1 लाख येनसम्म, स्वरोजगार उद्यमीलाई मासिक 50 हजार येनसम्म हुनेछ।

जो राष्ट्रिय सरकारले दिने मासिक सहायता रकम प्राप्त गर्ने दायरामा पर्छ (बिक्री रकम 50% वा सोभन्दा बढी ह्रास भयो) र मादक पदार्थको बिक्री-वितरण बन्द गर्ने रेस्टुरेन्टसँग कारोबार गर्छ, त्यस मादक पदार्थ बिक्री उद्यमीलाई फुकुओका प्रान्तले थप सहायता दिनेछ। सहायता रकम कम्पनीलाई मासिक 2 लाख येनसम्म, स्वरोजगार उद्यमीलाई मासिक1 लाख येनसम्म हुनेछ।

## ठूलठूला सुविधा तथा भाडावाल सहायता 【फुकुओका प्रान्त सङ्क्रमण फैलावट रोकथाम सहयोग रकम


प्रतिदिनको भुक्तानी रकम × आग्रह स्विकारेकोले घटेको व्यापार समय/सामान्य व्यापार समय × 20 दिन

| प्रतिदिनको भुक्तानी रकम | ठूलठूला सुविधा | भाडावाल |
|---|---|---|
| | प्रति 1,000㎡ को लागि 2 लाख येन | भाडावाल प्रति 100㎡ को लागि 20 हजार येन |

○ तेस्रो हो, "भवनको फ्लोरको क्षेत्रफल 1,000 ㎡ वा सोभन्दा बढी भएको ठूलठूलो सुविधा तथा सुविधाको भाडावाललाई सहयोग रकम"। धेरै ग्राहक आउने ठूलठूलो सुविधालाई व्यापार समय बेलुका

8 बजेसम्म बनाउन अनुरोध गर्दै छौँ। यो अनुरोध स्विकारी सहयोग गर्नुभएका सुविधा तथा भाडावाललाई सहयोग रकम भुक्तानी गर्नेछौँ।

प्रत्येक दिनको भुक्तानी रकम यसरी निर्धारण गरिनेछ: ठूलठूला सुविधाको हकमा प्रति 1,000 ㎡ को लागि 2 लाख येन र सुविधाको भाडावालको हकमा प्रति 100 ㎡ को लागि 20 हजार येनको दरले हिसाब गरिने रकमलाई आधार मानी त्यसलाई सामान्य व्यापार समय तर्फ बेलुका 8 बजेसम्ममा व्यापार समय छोट्याउने आग्रह स्विकारेकोले घटेको व्यापार समयको अनुपात गुणन गरेर आउने रकम।




- यसबाहेक सहर तथा गाउँहरूमा "प्रिमियमसहित क्षेत्रीय सपिङ भौचर" चाँडै जारी गर्न प्रवर्द्धन गरी क्षेत्रीय अर्थतन्त्रलाई शीघ्र पुनर्स्थापना गर्न टेवा पुर्‍याइनेछ। यो भौचर जुलाई महिनादेखि क्रमशः जारी गर्न आयोजना गर्दै छौँ र प्रिमियम दर 20% वा सोभन्दा माथि हुनेछ।

○ खोप लगाउने प्रक्रिया तीव्र रूपमा अघि बढाउनुपरेकोले आज फुकुओका प्रान्तले फुकुओका सहरसँग मिलेर राष्ट्रिय सरकारलाई राष्ट्रिय सरकारले प्रत्यक्ष नियन्त्रण तथा सञ्चालन गर्ने ठूलो खोप केन्द्र फुकुओका सहरमा स्थापना गर्न अनुरोध गर्नेछ।




○ फुकुओका प्रान्तले चिकित्सा सेवा प्रदान प्रणाली सुदृढीकरण गर्ने अभियान चलाइरहेको छ। कोरोना भाइरस पोजेटिभ सङ्क्रमितहरूको लागि प्रयोग गरिने बेड आज फेरि 42 वटा सुनिश्चित गरेर 1,049 वटासम्म वृद्धि भयो। 1,220 वटा बेड सुनिश्चित गर्ने लक्ष्य पूरा गर्न अझ धैरै स्वास्थ्य संस्थासित विचारविमर्श गर्नुका साथै सिकिस्त बिरामीको लागि बेड पनि बढाउने प्रयास गर्छौं।

# प्रान्तवासी महानुभावहरूलाई अनुरोध

# दिनको समयमा समेत अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने



- गोल्डेन विकको लामो बिदापछि नयाँ कोरोना भाइरसबाट पोजेटिभ पुष्टि भएका थप सङ्क्रमितहरूको सङ्ख्या 500 नाघेर सङ्क्रमण तीव्र रूपमा फैलिँदै छ।

प्रान्तवासी महानुभावहरूलाई दिनको समयमा अनि अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुने, घरबाट अफिसको काम गर्ने (टेलिवर्क) र अफिसमा आउने समय फरक-फरक बनाउने आदि गरेर सहयोग गर्नुहुन अनुरोध गर्दछौं।